नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी-लेनिनवादी)

केन्द्रीय कार्यालय

मदननगर, बल्खु, काठमाडौं

पत्र संख्या ..........................

२०७१/०५/०३

# अन्तरपार्टी निर्देशन- २

नेकपा (एमाले) केन्द्रीय कमिटीको दोस्रो बैठक २०७१ साउन २७-३१ गतेसम्म पार्टी केन्द्रीय कार्यालय, मदननगर, बल्खुमा बस्यो । पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न बैठकले गरेका महत्वपूर्ण निर्णयहरूलाई जानकारी र कार्यान्वयनका लागि यस अन्तरपार्टी निर्देशनमार्फत् सम्प्रेषित गरिएको छ ।

## १. राष्ट्रिय राजनीतिक परिस्थितिका सम्बन्धमा

बैठकले विगत संविधानसभाको असफलताबाट पाठ सिक्दै यसपल्ट संविधानसभालाई जसरी पनि सफल पार्नुपर्ने र निर्धारित समयभित्रै संविधान निर्माण गर्नुपर्ने कुरामा विशेष जोड दिएको छ । सहमति निर्माणका लागि अन्तिमसम्म पनि प्रयत्न गरिने र सहमति निर्माण हुन नसके विधिसम्मत प्रक्रियाका माध्यमबाट भए पनि विवादित बिषयहरूको टुङ्गो लगाउने कुरा स्पष्ट पार्दै बैठकले नयाँ संविधानका माध्यमबाट शान्ति, लोकतन्त्र, परिवर्तन, सामाजिक न्याय र राष्ट्रिय एकतालाई सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिएको छ । सरकार निर्माणका बेला गरिएको सात बुँदे सहमतिका कतिपय बिषय कार्यान्वयन गर्न नेपाली काङ्ग्रेसले आनाकानी गरिरहेको, सरकार सञ्चालनमा उसका तर्फबाट सहकार्यको संस्कार अभिव्यक्त नभएको, नेकपा (एमाले) को जिम्मामा रहेका कतिपय मन्त्रालयका काममा अनावश्यक वाधा खडा गरिएको र सरकार जनअपेक्षाअनुरूप चल्न नसकेकोप्रति पार्टी गम्भीर रहेको निष्कर्ष निकाल्दै बैठकले यस बिषयमा नेपाली काङ्ग्रेससँग गम्भीरतापूर्वक छलफल गर्ने तर वर्तमान अवस्थामा पार्टीको मुख्य प्राथमिकता र राष्ट्रको मुख्य एजेण्डाको रूपमा रहेको संविधान निर्माणलाई प्रभावित गर्ने गरी पार्टी सरकार परिवर्तनको विकल्पमा नलाग्ने स्पष्ट गरेको छ । बैठकको उद्घाटन गर्दै अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको उपरोक्त निष्कर्षलाई बैठकले पारित गरेको छ ।

## २. महाधिवेशनमा बराबरी मत प्राप्त गर्ने कमरेडहरूका सम्बन्धमा

बैठकले नवौं राष्ट्रिय महाधिवेशनमा बराबरी मत प्राप्त गर्नुभएका खुल्लातर्फका केन्द्रीय कमिटी सदस्यका उम्मेदवार कमरेडहरू नागेन्द्र चौधरी र खिमलाल भट्टराई तथा समावेशी क्षेत्रको मुस्लिम आरक्षित तर्फका केन्द्रीय कमिटीको सदस्यका उम्मेदवार कमरेडहरू सिराज अहमद फारुकी र महमद महफुज अन्सारीलाई केन्द्रीय कमिटीका सदस्यका रूपमा महाधिवेशनबाट निर्वाचित हुने पूर्ण सदस्य ११५ मध्ये २ स्थान र केन्द्रीय कमिटीबाट मनोनयन हुने १० प्रतिशत स्थानबाट कट्टा हुने गरी निर्णय गरियो । पछि केन्द्रीय कमिटीबाट १० प्रतिशत सदस्य मनोनयन गर्दा अहिले थप गरिएको २ सङ्ख्या कटौती गरी कूल १४ जना मात्रै मनोनयन हुनसक्ने निर्णय गरिएको छ ।

## ३. केन्द्रीय सचिवालय गठन

बैठकले पार्टी महासचिव कमरेड ईश्वर पोखरेल प्रमुख तथा उपमहासचिव कमरेडहरू विष्णुप्रसाद पौडेल र घनश्याम भुसाल तथा सचिव कमरेडहरू प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरूङ्ग, गोकर्ण विष्ट, भीम आचार्य र योगेश भट्टराई सदस्य रहेको हाललाई ८ सदस्यीय केन्द्रीय सचिवालय गठन गर्ने निर्णय गरेको छ । बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका लागि गर्नुपर्ने आवश्यक कार्यसम्पादन तथा बैठकमा प्रस्तुत गर्नुपर्ने बिषयहरूको तयारीलगायत पार्टीका दैनन्दिन कामहरू सञ्चालन गर्ने जिम्मा सचिवालयलाई सुम्पिएको छ ।

## ४. महाधिवेशनबाट पारित दस्ताबेजहरूको सम्पादन र प्रकाशन सम्बन्धमा

पहिलो बैठकबाट गठित कार्यदलहरूका तर्फबाट पार्टीको नवौं राष्ट्रिय महाधिवेशनबाट पारित दस्तावेजहरू: राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान सम्पादन गरेर चालु बैठकसमक्ष प्रस्तुत गरियो । प्रस्तुत दस्तावेजहरू उपर बैठकमा सहभागी कमरेडहरूले गहन छलफल गर्दै सुझाव तथा रायहरू व्यक्त गर्नुभयो । बैठकले छलफलबाट प्राप्त उपयुक्त सुझावहरूसहित राजनीतिक प्रतिवेदन र सङ्गठनात्मक प्रस्ताव प्रकाशित गर्ने निर्णय गरेको छ । विधानका अन्य बिषयहरूलाई अन्तिम रूप दिंदै बैठकले धारा-३८ का सम्बन्धमा पार्टीका पदाधिकारी तथा वरिष्ठ नेताहरूसँग पार्टी अध्यक्षले परामर्श गरी सहमति कायम गर्ने र तत्पश्चात् विधान प्रकाशित गर्ने निर्णय गरेको छ । प्रकाशनसम्बन्धी जिम्मेवारी केन्द्रीय सचिवालयलाई दिइएको छ ।

### ५. बैठक सञ्चालन कार्यविधि तथा आचार-संहिताको सम्बन्धमा

बैठकले केन्द्रीय कमिटी सदस्य कमरेडहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी '**बैठक सञ्चालन कार्यविधि तथा आचार-संहिता**' पारित गरेको छ । कमरेडहरूको जानकारीका लागि उक्त कार्यविधि र आचारसंहिता यसैसाथ सङ्लग्न गरिएको छ ।

### ६. कार्यविभाजनका सम्बन्धमा

अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि केन्द्रीय सदस्यहरूले यस अघि सम्हाल्दै आएको जिम्मेवारी सम्हाल्ने, भूगोलबाट निर्वाचित कमरेडहरूले भूगोलको जिम्मेवारी लिने र बाँकी जिम्मेवारीका हकमा केन्द्रीय सचिवालयले संयोजन गर्ने निर्णय बैठकले गरेको छ ।

### ७. संविधानमा सहमति जुटाउन विशेष जिम्मेवारी सम्बन्धमा

बैठकले संविधानका विवादित बिषयहरूमा संविधानसभामा प्रतिनिधित्व गर्ने अन्य दलहरूसँग परामर्श गरी सहमति जुटाउने विशेष जिम्मेवारी कमरेडहरु माधवकुमार नेपाल र विद्यादेवी भण्डारीलाई प्रदान गर्ने निर्णय गरेको छ ।

### ८. विशेष प्रस्ताव

केन्द्रीय कमिटी बैठकले देहायका विशेष प्रस्तावहरू पारित गरेको छ-

१. 'गत साउन १७ गते राति करिब २.३० बजे सिन्धुपाल्चोक जिल्लाको माङ्खा-१ र राम्चे -५ को बीचमा पर्ने जुरेमा ठूलो पहिरो खस्न गई सुनकोशी नदी थुनिएको तथा यस प्राकृतिक विपत्तिले माङ्खा, राम्चे, टेकनपुर र धुस्कुनका १५६ जना व्यक्तिहरूको ज्यान गएको, कैयौं घाइते भएको, ४७८ जना बिस्थापित भएको दुःखद घटनाप्रति नेकपा (एमाले) केन्द्रीय कमिटी गहिरो चिन्ता व्यक्त गर्दछ । पहिरोले अरनिको राजमार्ग बन्द हुँदा तातोपानी भन्सारबाट प्राप्त हुने राजस्व, विभिन्न जलविद्युत आयोजनाबाट प्राप्त हुने झण्डै ६८ मेगावाट विद्युतलगायत राष्ट्रिय आयमा ठूलो नोक्सानी भएको, पहिरो आसपासको क्षेत्रमा जनजीवन अत्यन्त कष्टकर भएको स्थितिप्रति पार्टी गम्भीर भएको छ । पार्टी नेपाल सरकारसँग अविलम्ब पीडितहरूलाई प्रभावकारी ढङ्गले राहत र पुनःस्थापना कार्यक्रम अगाडि बढाउन, अरनिको राजमार्ग तत्काल सुचारु गर्न तथा पहिरोका कारण थुनिएको सुनकोशीबाट सुरक्षित ढङ्गले पानी निकास हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग माग गर्दछ । बैठक यस प्राकृतिक विपत्तिमा ज्यान गुमाउने सम्पूर्ण दाजुभाई दिदीबहिनीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।'

*(साउन २७ गतेको बैठकबाट पारित)*

२. 'विगत केही दिनदेखि परिरहेको अविरल बर्षाका कारण आएको भीषण बाढी, पहिरो र डुबानका कारण मुलुकमा राष्ट्रिय विपत्तिको स्थिति सिर्जना भएको छ । सयौं व्यक्तिहरूको ज्यान गएको छ, कैयौं बेपत्ता भएका छन्, हजारौं घरवारविहीन भएका छन्, जलविद्युत् आयोजना, राष्ट्रिय राजमार्ग, विद्यालयलगायत महत्वपूर्ण भौतिक संरचनाहरू नष्ट भएका छन् र विपत्तिग्रस्त क्षेत्रमा जनजीवन अत्यन्तै कष्टकर भएको छ ।

केन्द्रीय कमिटीको यो बैठक यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सबैप्रति पुनः श्रद्धाञ्जली अर्पण गर्दछ, शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ र पीडितहरूमा हार्दिक सहानुभूति प्रकट गर्दछ । बैठक पीडितहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि प्रभावकारी कार्यक्रम बनाउन, सिङ्गो राज्यसंयन्त्रलाई उद्धार कार्यमा परिचालित गर्न, क्षतिग्रस्त भौतिक संरचनाहरूको तत्काल पुनःनिर्माणको प्रक्रिया अगाडि बढाउन, अभिभावकबिहीन बन्न पुगेका बालबालिकाहरूको पुनःस्थापनाका लागि विशेष व्यवस्था गर्न तथा बिपत्तिग्रस्त क्षेत्रमा जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन नेपाल सरकारसँग पुनः माग गर्दछ । सीमावर्ती क्षेत्रमा निर्मित बाँध, तटबन्ध तथा अन्य संरचनाहरूले बाढी र डुबानको स्थितिलाई गम्भीर बनाउन भूमिका खेलेको तथ्यलाई हृदयङ्गम गर्दै यससम्बन्धमा मित्र राष्ट्रहरूसँग कुटनीतिक माध्यमबाट समाधानका लागि पहल गर्न पनि बैठक सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

*(साउन ३१ गतेको बैठकबाट पारित)*

### ९. केन्द्रीय 'प्राकृतिक विपत्ति राहत कोष' स्थापनाका सम्बन्धमा

बैठकले अविरल बर्षाका कारण आएको बाढी, पहिरो र डुबानबाट पीडित नागरिकहरूलाई सहयोग गर्न '**नेकपा (एमाले) केन्द्रीय प्राकृतिक विपत्ति राहत कोष**' स्थापना गर्ने निर्णय गरेको छ । उक्त कोषमा पार्टी केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, संविधानसभा सदस्यहरू तथा मन्त्रीहरूबाट प्रतिव्यक्ति ७,०००/ (सात हजार रूपैंया) का दरले सहयोग गरिनेछ । कोषका लागि राजनीतिक नियुक्ति प्राप्त व्यक्तिहरूबाट ५,०००/ (पाँच हजार रूपैयाँ) का दरले

सहयोग सङ्कलन गरिनेछ । उक्त कोषको सञ्चालनका लागि कृषि विकास बैंक, बैंकिङ कार्यालय, कालिमाटीमा '**नेकपा (एमाले) प्राकृतिक विपत्ति राहत कोष**' को नाममा चल्ती खाता नं. ०२१०३००७१७९१७०१० खोलिएको छ । कोष सञ्चालनको जिम्मा महासचिव ईश्वर पोखरेल, सचिव पृथ्वीसुब्बा गुरूङ्ग र केन्द्रीय लेखा शाखा प्रमुख खेमराज पौडेललाई दिइएको छ ।

बैठकले यस कोषमा आफ्नो तर्फबाट अधिकतम योगदान गर्न अञ्चल समन्वय कमिटीहरु/राजधानी विशेष समन्वय कमिटी/सम्पर्क विशेष समन्वय कमिटी, जिल्ला कमिटीहरु/अञ्चल सम्पर्क कमिटीहरु, जिल्ला सम्पर्क मञ्चहरु, मातहतका स्थानीय पार्टी कमिटीहरु, पार्टी सम्बद्ध जनवर्गीय संगठनहरू एवं प्रवासी नेपाली मञ्चहरूलाई आह्वान गरिएको छ ।

पार्टीको तर्फबाट छिट्टै प्राकृतिक विपत्तिबाट अत्यधिक प्रभावित सिन्धुपाल्चोक, सुर्खेत, बर्दिया, दाङ, बर्दिया, बाँकेलगायत अत्यधिक प्रभावित जिल्लाहरूमा राहत रकम हस्तान्तरणको कार्यक्रम तर्जुमा गरिनेछ ।

### १०. नेपालगञ्ज बलात्कार काण्डका सम्बन्धमा

बैठकले यही साउन २० गते रुकुमबाट नेपालगञ्ज जान बसमा यात्रा गरिरहेकी रुकुम जिल्लाकी किशोरीमाथि सोही बसका चालक तथा सहचालक लगायतका व्यक्तिहरुबाट भएको सामूहिक बलात्कारजस्तो जघन्य अपराधको घोर निन्दा र भर्त्सना गरेकोछ । पीडितहरुको उपचार तथा पुनःस्थापनाका लागि प्रभावकारी कदम चाल्न तथा दोषीहरूमाथि कडाभन्दा कडा कारबाही गर्न माग  गरेको छ ।

### ११. अध्यक्ष तथा पदाधिकारी रिक्त भएका मातहत कमिटीको व्यवस्थापन  सम्बन्धमा

महाधिवेशनमा माथिल्लो पदका लागि उम्मेदवारी दिने विभिन्न जिल्लाका अध्यक्ष तथा पदाधिकारीहरूको पद महाधिवेशनमा पारित गरिएको विशेष व्यवस्थाका कारण रिक्त हुन गएको  छ । अर्को व्यवस्था नहोउन्जेल उपाध्यक्ष र सो पद पनि रिक्त भएको स्थितिमा सचिवको अध्यक्षतामा बैठक बसी पार्टीका दिनानुदिन कार्यहरू सुचारु बनाउन निर्देशित गरिएको छ ।

### १२. केन्द्रीय कमिटीको तेस्रो बैठक

केन्द्रीय कमिटीको तेस्रो बैठक आगामी २०७१ असोज १० गतेदेखि पार्टी केन्द्रीय कार्यालय, मदननगरमा बस्नेछ ।

### १३. शोक प्रस्ताव

१. बैठकले लोकप्रिय नायक श्रीकृष्ण श्रेष्ठको दुःखद निधनले नेपाली चलचित्र क्षेत्रमा अपूरणीय क्षति पुगेको निष्कर्षसहित शोक व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ र शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ ।

२. बैठकले पार्टी केन्द्रीय सदस्य कमरेड गणेश तिमिल्सिनाका पिता श्री तुलसीप्रसाद तिमिल्सिना, वैकल्पिक केन्द्रीय सदस्य कमलजङ्ग राईका पिता श्री रामबहादुर राई दनुवार, पूर्व सांसद एवं केन्द्रीय निर्वाचन आयोगका पूर्व सदस्य कमरेड कमल श्रेष्ठकी धर्मपत्नी निलम श्रेष्ठ, प्रवासी नेपाली सङ्घ (भारत) का अध्यक्ष कमरेड लोकनाथ भण्डारीका माता टोपला भण्डारी, रुकुम जिल्ला कमिटीका पूर्व अध्यक्ष कमरेड ठगेन्द्रप्रकाश पुरीकी आमा माधवी पुरी तथा बुटवलका अगुवा मजदुर काजी गुरुङ्गको निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ ।

अन्त्यमा,

पार्टीलाई राष्ट्रिय राजनीतिमा पहिलो शक्तिकारूपमा स्थापित गर्न एकतावद्ध भएर अगाडि बढ्न सम्पूर्ण कमरेडहरूलाई आह्वान गरिन्छ । पार्टीमा भावनात्मक एकता कायम गर्न हरसंभव प्रयाश गर्दै सबै कमरेडहरूलाई विनम्र शैली, जनसेवाको भावना र प्रसन्नचित्तकासाथ राजनीतिक काममा लाग्न र प्राकृतिक विपत्तिको यस घडीमा सबै कमरेडहरूलाई पीडित जनताको बीचमा उपस्थित हुन पनि निर्देशित गरिन्छ ।

हार्दिक अभिवादन सहित !



के.पी. शर्मा ओली

अध्यक्ष

# नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठक सञ्चालनको
# कार्यविधि तथा आचार-संहिता
## २०७१

केन्द्रीय कमिटीको बैठकलाई व्यवस्थित तथा छरितो रूपमा सञ्चालन गर्न, बैठकमा केन्द्रीय सदस्यहरू सक्रियरूपमा सहभागी हुने तथा निर्धारित कार्यसूचीमाथि उहाँहरूका राय-सुझावहरू सुव्यवस्थित ढङ्गले प्रस्तुत हुने वातावरण सुनिश्चित गर्न तथा बैठकबाट समयमै आवश्यक निर्णय गर्न सुनिश्चित कार्यविधि तथा आचारसंहिताको आवश्यकता महसुस गर्दै केन्द्रीय कमिटीको दोस्रो बैठक (साउन २७-३१) बाट देहायको '**बैठक सञ्चालन कार्यविधि तथा आचार-संहिता-२०७१**' पारित गरिएको छ । यो कार्यविधि तथा आचार-संहिता पारित भएको मितिदेखि नै लागू हुनेछ ।

### बैठक सञ्चालनको कार्यविधि

### १. कार्यसूचीको तयारी

१.१ केन्द्रीय कमिटीको बैठक बस्नुभन्दा कम्तिमा एक हप्ता अगाडि केन्द्रीय सचिवालयबाट बैठकको कार्यसूची तयार गरिनेछ ।

१.२ सचिवालयबाट तयार गरिएको कार्यसूचीलाई स्थायी कमिटीले पारित गरी अन्तिम रूप दिनेछ ।

१.३ स्थायी कमिटीबाट पारित कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगाडि केन्द्रीय कमिटी सदस्यहरूसमक्ष पठाइनेछ ।

१.४ प्रस्तावित कार्यसूचीमा कुनै विषय थप-घट गर्न चाहने सदस्यले बैठक बस्नुभन्दा कम्तीमा १ दिन अगाडि आफ्नो प्रस्ताव लिखितरूपमा सचिवालयमा पठाउनु पर्नेछ ।

### २. बैठक सञ्चालन

२.१. बैठकको अध्यक्षता अध्यक्षले र सञ्चालन महासचिवले गर्नेछन् ।

२.२ बैठकमा पूर्वनिर्धारित कार्यसूचीमा आवश्यक छलफल गरी निर्णयहरू लिइनेछ ।

२.३ बैठकमा बोल्न अनुमति दिने र व्यवस्था कायम राख्ने लगायतका बिषयहरूमा अध्यक्षले निर्देशन दिनेछन् ।

२.४ बैठकमा कारणवश उपस्थित हुन नसक्ने अवस्था उत्पन्न भएमा पार्टी पदाधिकारी तथा सदस्यले केन्द्रीय सचिवालयमा पूर्व सूचना उपलब्ध गराउनु पर्नेछ । केन्द्रीय कमिटी बैठकमा त्यससम्बन्धमा जानकारी गराइनेछ ।

### ३. प्रस्तावको तयारी तथा प्रस्तुति सम्बन्धमा

३.१ कार्यसूचीसँगै प्रस्तावित निर्णयको मस्यौदा र त्यसको औचित्यसमेत समावेश गरेर केन्द्रीय सदस्यहरूलाई उपलब्ध गराइनेछ ।

३.२ पार्टी अध्यक्ष र महासचिवले बैठकका कार्यसूची र प्रस्तावका सम्बन्धमा केन्द्रीय सदस्यहरूसँग यथासंभव पूर्व परामर्श गर्ने र राय लिने काम गरिनेछ ।

३.३ प्रस्तावमा संशोधन गर्न चाहने सदस्यले आफ्नो संशोधनको व्यहोरा औचित्यसहित लिखित रूपमा प्रस्तुत गर्नुपर्नेछ ।

### ४. छलफल सञ्चालन प्रक्रिया

४.१ छलफलमा भाग लिन चाहने सदस्यले आफ्नो नाम दर्ज गर्नु पर्नेछ ।

४.२ प्रस्तावमा छलफलको समय बिषयको गम्भीरता, प्रस्तावसँग जोडिएको नीतिगत प्रश्न तथा छलफलमा सहभागी हुन इच्छुक सदस्यहरूको सङ्ख्याका आधारमा निर्धारण गरिनेछ ।

४.३ बहसमा भाग लिने प्रत्येक सदस्यले तोकिएको समय सिमाभित्र विषयमा केन्द्रित भई आफ्नो मत राख्नुपर्नेछ ।

४.४ कुनै बिषय या प्रस्तावलाई बैठकले गम्भीर वैचारिक/राजनीतिक र नीतिगत महत्वको ठहर गरी थप बहस सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरेमा छुट्टै फोरम वा छुट्टै बैठकको आयोजना गरिनेछ ।

४.५ बहस नोट लिपिबद्ध गर्ने जिम्मेवारी सचिवालयको हुनेछ । प्रत्येक प्रस्तावमा भएको छलफल र बहसको सारसङ्क्षेपलाई अभिलिखित गरिनेछ ।

## ५. निर्णय प्रक्रिया

५.१ प्रस्तावमाथिको छलफल सकिएपछि अध्यक्षले वा अध्यक्षको निर्देशनमा महासचिवले लिखित प्रस्तावलाई निर्णयार्थ बैठकसमक्ष औपचारिकरूपमा प्रस्तुत गर्नुपर्नेछ ।

५.२ निर्णय लोकतान्त्रिक विधिअनुरुप गरिनेछ, अर्थात् सकेसम्म सर्वसम्मतिले, त्यसो हुन नसकेमा बहुमतको आधारमा निर्णय लिइनेछ ।

५.३ महासचिव वा महासचिवले तोकेको सचिवालय सदस्यद्वारा बैठकका निर्णयहरू निर्णय पुस्तिकामा लिपिबद्ध गरिनेछ ।

५.४ निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति निर्णय पुस्तिकामा दर्ज गर्न चाहेमा लिखितरूपमा दर्ज गर्न सक्नेछन् । यसरी लिखितरूपमा दर्ज भएको असहमतिलाई मात्रै फरक मत मानिनेछ ।

५.५ फरक-मत दर्ज गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा, निर्णित विषयलाई कार्यान्वयन गर्ने गरी कमिटीले त्यसको समयावधि, विधि र प्रक्रिया खुलाई अनुमति दिनसक्नेछ ।

## ६. निर्णय तथा पार्टी धारणाको सार्वजनिकीकरण

६.१ तत्काल सार्वजनिक गर्न नहुने भनी तोकिएको बिषयमा बाहेक बैठकका निर्णयहरू महासचिवद्वारा प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिनेछ ।

६.२ कुनै बिषयमा पार्टीको धारणा सार्वजनिक गर्नुपर्ने, सन्देश प्रवाह गर्नुपर्ने वा कुनै बिषयमा पार्टी पङ्क्तिलाई मार्गदर्शन वा जनसमुदायलाई आह्वान गर्नुपर्ने भएमा केन्द्रीय सचिवालयले प्रेस वक्तव्य या विज्ञप्ति तयार गरी पार्टी अध्यक्षको नाममा जारी गरिनेछ । कुनै बिषयमा केन्द्रीय कार्यालय वा सचिवालयका नाममा प्रेस वक्तव्य जारी गर्न उपयुक्त देखिएमा सोहीअनुरूप गरिनेछ । त्यससम्बन्धी पूर्व जानकारी पार्टी अध्यक्षलाई गराउनु पर्नेछ ।

६.३. राष्ट्रिय चाडवाडहरू, औपचारिक समारोह वा अवसर आदिमा दिइने शुभकामना तथा वक्तव्यहरू पार्टी अध्यक्षद्वारा जारी गरिनेछ । सचिवालयले त्यससम्बन्धी आवश्यक व्यवस्था मिलाउनेछ ।

६.४ पार्टी निर्णयको परिपत्र र मातहत कमिटीसँग पत्राचार पार्टीको तर्फबाट अध्यक्षद्वारा गरिनेछ ।

## आचार-संहिता

१. बैठकमा प्रत्येक व्यक्तिले पार्टीको मर्यादा र अनुशासन कायम राख्नुपर्नेछ । छलफलमा सहभागी हुने व्यक्तिले शिष्ट र मर्यादित भाषामा आफ्ना धारणा राख्नुपर्नेछ ।

२. बैठकमा अमर्यादित, अशिष्ट र अपशव्दहरूको प्रयोग गर्न पाइनेछैन । कुनै वर्ग, जाति, समुदाय, लिङ्ग, क्षेत्र, धर्म र संस्कृतिको मर्यादा तथा गरिमामा आँच पुग्ने गरी कुनै अभिव्यक्ति दिन या व्यवहार गर्न पाइनेछैन । लोकतन्त्र, राष्ट्रियता, राष्ट्रिय एकता तथा सामाजिक सद्भावमा आँच पुग्ने किसिमले कुनै पनि अभिव्यक्ति दिन र व्यवहार गर्न पाइनेछैन ।

३. बैठकमा अरुले बोलिरहेको समयमा अध्यक्षको अनुमतिबिना बीचैमा बोल्न र टिप्पणी गर्न पाइनेछैन । सबैले आफ्नो पालोमा या अध्यक्षसँग समय लिएर मात्रै कुरा राख्नुपर्नेछ ।

४. बैठकमा भएको छलफल या त्यहाँ प्रस्तुत रायका आधारमा कसैप्रति पनि व्यक्तिगत या सार्वजनिक रूपमा टिप्पणी गर्न या पूर्वाग्रही व्यवहार गर्न पाइनेछैन ।

५. बैठकले गरेका निर्णयहरूको पालना र कार्यान्वयन गर्नु सबै पदाधिकारी तथा सदस्यहरूको कर्तव्य हुनेछ ।

६. बैठकमा सबैले पारस्परिक सम्मान, सहयोग र कमरेडली भावनाअनुरूप आफूलाई प्रस्तुत गर्नुपर्नेछ । महाधिवेशन या अन्य आन्तरिक निर्वाचनमा भएको समूह आवद्धता या मताधिकारको प्रयोगको आधारमा कसैलाई फरक व्यवहार गर्न पाइनेछैन ।

७. पार्टीका राजनीतिक/वैचारिक धारणा तथा अन्य कुनै बिषयमा चलाइने बहस र छलफल मर्यादित र पार्टीको एकतामा आँच नपुऱ्याउने किसिमको हुनुपर्नेछ । कसैले पनि पार्टीको एकता र विकासमा अवरोध पुग्ने कुनै पनि काम कुरा गर्न पाइनेछैन ।

८. सबै पदाधिकारी तथा सदस्यहरूले आ-आफ्नो जिम्मेवारी अनुरूपको भूमिका सक्रियरूपमा निर्वाह गर्नुपर्नेछ । सामाजिक मर्यादा, राज्यको कानुन र पार्टीको विधान विपरीतका कुनै पनि काम कुरा गर्न पाइनेछैन ।

९. केन्द्रीय कमिटीको बैठकलाई यथासक्य छोटो समयमा सौहार्द्रपूर्ण र परिणाममुखी ढङ्गले सम्पन्न गराउन योगदान पुऱ्याउनु प्रत्येक पदाधिकारी र सदस्यको कर्तव्य हुनेछ ।

केपी शर्मा ओली
अध्यक्ष